नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक १५३    २०७७ साल माघ २ गते शुक्रबार (15 Jan. 2021 Friday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : विपद् व्यवस्थापनमा अब ... ३ पृष्ठमा : रेलमार्ग बिस्तारमा ... ३ पृष्ठमा : अमेरिकी राष्ट्रपति डोनाल्ड ...

# चिसोले जनजिवन कष्टकर

## विभिन्न स्थानमा आगो ताप्ने व्यवस्था मिलाउँदै प्रहरी





**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

विगत चार दिनदेखी बढेको चिसोका कारण सप्तरीको जनजिवन कष्टर बनेको छ । बिहानैदेखी वाक्लो हुस्सु र चिसो हावा चल्दा अत्याधिक चिसो बढेको हो ।

चार दिनअघि सम्म बिहान र बेलुका चिसो भएपनि दिउँसो घाम लाग्ने गरेकोमा चार दिनयता घाम लाग्न छाडेपछि अत्याधिक चिसोले जनजिवन कष्टकर बनेको छ ।

चिसोका कारण यातायतका साधनहरुमा यात्रुहरुको कमी भएको छ भने राजमार्गमा समेत यातायातका साधनहरु कम मात्रामा गुड्ने गरेको छ ।

यता चिसोले जनजिवन कष्टकर बन्दै गएपछि २ नं. प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजको सहयोगमा बिहीबार नगरको विभिन्न ८ वटा सार्वजनिक स्थानमा आगो ताप्ने व्यवस्था मिलाइएको छ ।

तालिम केन्द्रका डिएसपी खगेन्द्र खड्काका अनुसार सर्वसाधारणलाई न्यानो पुऱ्याउने उद्देश्यले राजविराजको रुपनी मोड, मलेठको नहर चौक, पुलचौक, गजेन्द्र चौक लगायतका स्थानहरुमा दाउरा बालेर प्रहरीले सामाजिक उत्तरदायित्व निर्वाह गरेको जानकारी दिएका छन् ।

मौसमलाई मध्यनजर गर्दै आगामी दिनमा पनि तालिम केन्द्रले नगरमा मात्र नभएर ग्रामिण भेगमा समेत दाउरा बाल्ने व्यवस्था मिलाउने डिएसपी खड्काले जानकारी दिए ।

यस्तै चिसोले बालबालिका तथा बृद्धबृद्धाहरु बढी प्रभावित हुन थालेका छन् । बिहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट अत्यावश्यक काम भए मात्र मानिस बाहिर निस्कने गरेका छन् ।

चिसो बढेसँगै न्यानो सिरक र न्यानो लुगाको कारोबार पनि ह्वातै बढेको सम्बद्ध व्यवसायीहरुले बताएका छन् ।

यस्तै चिसोका कारण स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा निमोनिया, कोल्डडायरिया, रुघाखोकीका बिरामीको चाप बढेको अस्पतालका प्रमुख डा. रन्जित झाले बताए ।

यसैगरि शितलहरले गहुँ, टमाटर, आलु प्याज, लहसुन लगायतका तरकारी बालीमा पनि

***बाँकी अन्तिम पृष्ठमा***

# हिन्दु स्वमसेवक संघले मकर संक्रान्ति उत्सव मनाए



**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

हिन्दु स्वमसेवक संघ नेपाल सप्तरीले भारदहमा बिहीबार मकर संक्रान्ति उत्सव मनाएको छ ।

संघका संघचालक भोगेन्द्र झा, संगठनमन्त्री गोपाल जी, विश्व हिन्दु परिषद नेपाल सत्संग विभाग सगरमाथा संम्भागका सहसंयोजक जगबहादुर सिंहका साथै संघ र परिषद्का पदाधिकारीहरुको उपस्थिपिमा सो उत्सव मनाइएको हो ।

उत्सवमा हिन्दु धर्ममा माघे संक्रान्तिको महत्व बारे प्रवचनका साथै सहभागि दुई सय भन्दा बढीलाई तिल, मुरही, लडु, तरुल, चाकु र खिचडी लगायतका मिष्ठान भोजन गराइएको छ ।

हिन्दु स्वंमसेवक संघ, विश्व हिन्दु परिषद्ले प्रत्येक वर्ष माघे संक्रान्तिको अवसर पारेर माघे संक्रान्ति पर्व मनाउँदै आएका छन् ।

# आयूर्वेद स्वास्थ्य केन्द्रद्वारा योग दिवसमा योगाभ्यास तथा प्रवचन



**जिवछ दास**
**राजविराज, १ माघ ।**

छैठौं राष्ट्रिय योग दिवस राजविराजमा पनि मनाइएको छ । जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र राजविराजले कार्यालय परिसरमा योगाभ्यास तथा प्रवचन लगायतका कार्यक्रम गरि योग दिवस मनाएको हो ।

"योग गरौं डटेर, कोरोना जान्छ हटेर" मुल नाराका साथ सुरु भएको कार्यक्रममा सुरक्षा निकाय, स्वास्थ्य संस्था, नागरिक समाज, ब्रहमाकुमारी राजयोग सेवा केन्द्र लगायत विभिन्न संघ संस्थामा आवद्धहरुको सहभागिता रहेको थियो ।

आयूर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. शिवशंकर यादवले कार्यक्रममा सहभागिहरुलाई योगको प्रशिक्षण दिनुका साथै यसको महत्व बारे जानकारी गराएका छन् ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकरी शंकरहरि आचार्यले योगको प्रभाव जनस्तरमा बढाउन यस्ता कार्यक्रमले ठूलो मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे ।

योगले मनुष्यको तन र मन दुबै स्वास्थ्यका लागि विशेष महत्व राख्ने भएकाले केन्द्र परिसरमा विगत एकसाता देखी निशुल्क योग शिविर समेत संचालन गरिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख डा. यादवले जानकारी दिए ।

**राजविराज जाऔं । राजविराज जाऔं ।।**

**प्रधानमन्त्री केपी शर्मा ओलीको असंबैधानिक तथा जनबिरोधी कदम बिरुद्ध यही माघ ७ गते राजविराजमा हुने विशाल जनप्रदर्शनमा सहभागी बन्न हार्दिक अनुरोध गर्दछौं ।**

**अनुरोधकर्ता**
**प्रचार-प्रसार समिति**
**जनता समाजवादी पार्टी नेपाल, सप्तरी**



## सम्पादकीय

### पर्यटकीय स्थलप्रति स्थानिय सरकारको ध्यान पुगोस्

नेपालमा आन्तरिक पर्यटन स्थलहरु धेरै छन् । तर तिनीहरुको उचित सम्बर्द्धन र विकासको खाँचो रहेको छ । नेपालको पर्यटकीय स्थल तथा अवलोकन गर्न आउने बाहिरी पर्यटकहरुप्रति सरकारले विशेष ध्यान दिने गरेको छ । यसमा पनि सरकारले मुलुकको पहाडी क्षेत्रहरुको पर्यटकीय स्थलहरुको विकासमा बढी जोड दिएको देखिन्छ । तराई मधेशका जिल्लाहरुमा पनि मनमोहक पर्यटकीय स्थलहरु छन् । तर, यसमा नेपाल सरकारको ध्याआकृष्ट भएको देखिन्न् ।

हुनत तराई मधेशका स्थानिय निकायले समेत आफ्नो क्षेत्रमा पर्ने मनमोहक पर्यटकीय स्थलप्रति चासो दिएको देखिदैन् । जबसम्म स्थानिय स्तरबाटै ती स्थलहरुको बारे चर्चा गरिदैन तबसम्म त्यस्ता स्थलहरु ओझेलमै पर्दै जानेछन् । सप्तरीको कुरा गर्ने हो भने शिवशनिधाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण स्थल लगायतका स्थलहरु स्थनिय निकायको हेलचक्राइका कारण अहिलेसम्म ओझेलमा परेको छ । स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको छैन् । स्थानिय सरकारले भौतिक संरचना निर्माण, मर्मत, गोष्ठी, अन्तरक्रिया लगायतमा बजेट दिएर आफ्नै क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुलाई बेनजर गर्दै आएको छ ।

तसर्थ जबसम्म स्थानिय सरकारले आफ्नो क्षेत्रमा पर्ने पर्यटकीय स्थलहरुबारे ठोस नीति बनाएर अघि बढ्दैन तबसम्म यस्ता मनमोहक स्थलहरु ओझेलमा पर्ने निश्चित छ । त्यसका लागि जनताले स्थानिय सरकारलाई घचघचाउनु आवश्यक छ ।

# विपद् व्यवस्थापनमा अब 'स्वयंसेवक'

काठमाडौँ, १ माघ (रासस) ।

सरकारले विपद्बाट हुने क्षति रोक्न अब मुलुकमा स्वयंसेवक परिचालन गर्ने भएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, राष्ट्रिय रणनीति २०७५, नियमावली २०७६ मा व्यवस्था भएअनुसार निर्देशिका तयारी गरी राष्ट्रिय स्वयंसेवक ब्यूरो गठनको अन्तिम तयारी गरिएको छ । उक्त निर्देशिका लागू भए यसरी स्वयंसेवक परिचालन मुलुकका लागि पहिलो हुनेछ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका २०७७' को मस्यौदा तयार गरी छलफल अघि बढाएको र छिट्टै लागू गर्ने अन्तिम तयारी गरिएको जनाएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको आगामी बैठकमा उक्त कार्यविधि स्वीकृत गर्ने गरी काम भइरहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिनुभयो ।

गृहमन्त्री रामबहादुर थापा अध्यक्ष रहेको कार्यकारी समितिको यस अघिको बैठकमा प्रारम्भिक मस्यौदा प्रस्तुत भएको थियो । उक्त निर्देशिकालाई अन्तिम रुप दिन प्राधिकरणको टोली लागेको छ । विसं २०७२ मा स्वतफूर्त रुपमा युवाले काम गरेको इतिहास छ । विपद् आउँदा घटनास्थलमा पुग्ने पहिलो स्थानीय युवा नै हुन्छन् । उनीहरुले जानीनजानी विपद्का घटनामा उद्धार र राहतका कार्यक्रम सञ्चालन गरेको कुरा विगतका उदाहरण प्रष्ट छन् ।

यसपाली सरकारले ती युवालाई तालीम दिएर संस्थागत मात्र गर्न खोजेको प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताउनुभयो । ऐनमै उल्लेख भएको कुरालाई कार्यान्वयनको चरणमा लगिएको उहाँले भन्नुभयो । विपद व्यवस्थापनमा क्षमता अभिवृद्धि गर्नु नै यसको मूल उद्देश्य रहेको हो ।

६१ गृहमन्त्री रामबहादुर थापाले विपद्को पूर्व तयारी, यसबाट हुने क्षति न्यूनीकरण तथा उद्धार र राहतका कार्यक्रमलाई प्रभावकारी बनाउन यसले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ । "प्रस्तावित मस्यौदा छलफलकै चरणमा छ, छिट्टै पारित गरेर लागू गर्ने योजना छ", प्रमुख कार्यकारी अधिकृत पोखरेलले भन्नुभयो, "कार्यदलमार्फत मस्यौदालाई व्यवस्थित गरी आगामी कार्यकारी समितिबाट पारित गरिने छ ।"

प्रस्तावित निर्देशिकामा सङ्घ, प्रदेश र स्थानीय तहमा फरकफरक संस्थागत संरचना निर्माण हुने उल्लेख छ । ब्यूरोले सम्बन्धित स्थानीय तह र प्रशासन कार्यालयसँग समन्वय गरी काम गर्नेछ । यसको संरचना वडातहसम्मै पुग्नेछ । वडा स्वयंसेवक समिति र समुदायमा आवश्यक स्वयंसेवक समूहको गठन गरिने प्रस्तावमा उल्लेख छ ।

कामको प्रकृति अनुसार विभिन्न विधामा स्वयंसेवक विकास गर्ने, सम्बन्धित संस्थामा सङ्गठित हुने र ब्यूरोमार्फत राष्ट्रियस्तरको तथ्याङ्कमा अध्यावधिक हुने छन् । उनीहरुको सीप र दक्षता विकास गर्न तालीम, अभ्यासका साथै अनुशासन र आचारसंहिताको प्रावधान पनि राखिएको छ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था एंव निजी क्षेत्रसँग सहकार्य गर्न सकिने गरी ब्यूरोको अवधारणा अघि बढाइएको गृह मन्त्रालयले जनाएको छ । विकसति मुलुकमा यसरी युवा परिचालन गरिएको पुरानो अभ्यास छ ।

उनीहरुको विवरण भने राष्ट्रिय विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गरी एकीकृत गरिने छ । सबै तालीम प्राप्त युवा दस्ता तयार हुन्छन् । त्यसपछि उद्धार, राहत वितरणदेखि विपद्का हरेक क्रियाकलापमा सरकारले उनीहरुलाई परिचालन गर्नेछ । उनीहरु जोखिम न्यूनीकरण, पहिरो हटाउने, विपद्मा परेकालाई अस्पतालमा पुर्‍याउने काममा खटिने छन् । ब्यूरोलाई चाहिने आवश्यक सामग्री प्राधिकरणले उपलब्ध गराउने जनाइएको छ ।

उक्त मस्यौदामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासको आधारमा तयार पारिएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत पोखरेलले जानकारी दिनुभयो । विकसित मुलुकमा यसरी युवा परिचालन गरिएको पुरानो अभ्यास छ । प्रस्तावित मस्यौदालाई केन्द्रीयतहमा बृहत छलफल गरी सुझावको आधारमा लागू गरिने छ । निर्देशिका स्वीकृत भई लागू भएपछि मुलुकको विपद् व्यवस्थापन र क्षति न्यूनीकरण प्रभावकारी हुने विश्वास लिइएको छ ।

हिमाल, पहाड तराईमा विभाजित मुलुकको भौगोलिक अस्थितिअनुसार वित्तीय जोखिम छ । हिमाली क्षेत्रमा हिम पहिरो हिम आँधी तथा हिमतालबाट बढी विपद्का घटना हुन्छन् । पहाडी क्षेत्रमा बाढीपहिरोरोको ठूलो जोखिम छ भने तराई क्षेत्रमा बाढी र डुवानले वर्षेनी क्षति पुर्‍याउँदै आएको छ । यसपाली पहाडी क्षेत्रमा बाढीपहिरोका कारण ठूलो जनधनको क्षति भएको थियो । त्यसैले पनि भौगोलिक अवस्थिति अनुसार प्रशिक्षित गरी स्वयंसेवक परिचायन गर्ने योजना गृह मन्त्रालयले अघि सारेको हो ।

घटना हुने वित्तिकै पहिलो चरणमा घटनास्थलमा पुग्ने स्थानीय समुदाय नै हो । त्यसपछि सुरक्षा निकाय र तेस्रो चरणमा प्रशासनिक क्षेत्रमा व्यक्ति पुग्ने गर्छन् । त्यसैले पनि स्वयंसेवक अपरिहार्य देखिएको यस क्षेत्रका विज्ञको भनाइ छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रेलमार्ग बिस्तारमा अवरोध

वीरगञ्ज, १ माघ (रासस)।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको मेची महाकाली रेलमार्गअन्तर्गत बाराको निजगढमा विद्युतीय रेलमार्गका लागि निजी जमीनमा पिलर गाडेपछि स्थानीयवासीले अवरोध खडा गरेका छन्।

सो विद्युतीय रेलमार्गअन्तर्गत निजगढ-हेटौँडा-भरतपुर खण्डको डिपिआर तयारीको लागि सर्भे गर्ने भनेर निजगढ आएको टोलीलाई स्थानीयवासीले बस्तीबीचबाट सर्भे नगर्ने भनी अवरोध खडा गरेका छन्। सर्भे टोलीका प्रमुख सवइञ्जिनीयर सुरज पौडेलले राससलाई भन्नुभयो, "गाडीएको पिलरदेखि २५० मिटर पश्चिम र ५० मिटर पूर्वतर्फको बाटो भएर रेलमार्ग जाने गरी सर्भे गर्दा स्थानीयवासीले अवरोध खडा गरेका छन्, निजगढ बजारको दक्षिणतर्फ निजगढ नगरपालिकाका प्रमुख सुरेशकुमार खनालको जग्गा र कृष्ण मुरारी खड्काको जमीनको साध र सोही ठाउँको राजमार्गसँग जोडिएको रुद्रलाल श्रेष्ठ र श्रवण श्रेष्ठको साधमा पिलर गाडिएकाले विरोध भएको हो।"

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रेल विभागको पत्र लिएर इञ्जिनीयर पौडेलले नगरपालिका गएपछि स्थानीयवासीले विरोध जनाएको बताइएको छ। सो जमीनमा पिलर गाड्दा सम्बन्धित जग्गाधनीलाई र रेलमार्ग सर्भेबाट प्रभावित स्थानीयलाई जानकारी नदिइएको स्थानीयवासी विष्णु खड्काले बताउनुभयो। तीनसय वर्षभन्दा पुरानो बस्ती कछडियाको बीचबाट रेलमार्गको सर्भे भइरहेको थाहा पाएपछि त्यहाँका जनताले विरोध जनाउँदा विद्युतीय रेलमार्गको काम अगाडि बढ्न सकेको छैन।

सर्भे टोलीका अनुसार सो रेलमार्ग निजगढको भमरा नदीकट्टा, तेस्रो लाइन, जमुनी पैनी, निजगढ बजार, गुम्मा टोल, सडक टोल, पुरानो निजगढ हुँदै बकैया खोला पारी गरी रेलमार्ग लालबस्तीतर्फ जाने छ। सो रेलमार्ग चिसापानी, घैया पोखरी, गुङ्जोड, बारथली, रामथली, कुलिया, भक्तलाल, डुमरजोर हुँदै अमलेखगञ्ज निस्कने र हेटौँडाबाट पश्चिमतर्फ रेल्वे लिक जाने छ। सर्भे टोलीले ती बस्तीका विभिन्न स्थानमा जग्गाधनीलाई कुनै जानकारी नदिएर जग्गाका साध, सिमानामा पिलर गाडेपछि विवाद चुलिएको हो।

# मतदाता नामावली अद्यावधिक अवसरको सदुपयोग गर्नुस् : निर्वाचन आयोग

काठमाडौँ, १ माघ (रासस)।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनका लागि पूर्वशर्तका रुपमा रहेको मतदाता नामावली अद्यावधिक गर्ने र मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन गर्न सबै सरोकारवालासँग प्रभावकारी समन्वय गरी जिम्मेवारीपूर्ण रुपमा सम्पादन गर्नुपर्ने बताउनुभएको छ।

मतदाता नामावली अद्यावधिक, मतदानस्थल तथा मतदान केन्द्र पुनरावलोकन कार्यक्रम, कार्यान्वयनसम्बन्धी अनलाइन प्रविधिमार्फत दोस्रो समूहमा प्रदेश नं १, प्रदेश नं २ र वाग्मती प्रदेशस्थित जिल्ला निर्वाचन कार्यालयमा कार्यरत कम्प्युटर अपरेटरका लागि सञ्चालित एक दिने प्रशिक्षणको उद्घाटन गर्दै उहाँले निर्वाचन व्यवस्थापनमा सुधार गर्नका लागि आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा उल्लेख भएबमोजिम आयोगका गतिविधिमा प्रविधिको प्रयोगको विस्तार बढाउँदै लगिने बताउनुभयो।

प्रमुख थपलियाले भन्नुभयो, "मतदाता नामावली ऐनअनुसार निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गर्न नसकिने तर निर्वाचन प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक गरिने व्यवस्थाअनुसार मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने र दाबी विरोधका कार्यक्रम मात्र सञ्चालन गरिनेछ।"

निर्वाचनले लोकतन्त्रलाई बलियो बनाई सुशासन कायम गर्न सहयोग पुऱ्याउने भएको हुँदा आयोगलाई प्राप्त संवैधानिक जिम्मेवारीअनुरुप निर्वाचन गराउनु आयोगको प्रमुख कर्तव्य भएको बताउदैँ उहाँले निर्वाचन व्यवस्थापनको आधारभूत पक्षका रुपमा रहेको मतदाता नामावली

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोस्रो पटक महाभियोग

वासिङ्टन, १ माघ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई अमेरिकी संसदको तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्स्ले दोस्रो पटक महाभियोग प्रस्ताव पारित गरेको छ। अमेरिकी इतिहासमा दुई पटकसम्म महाभियोग लाग्ने पहिलो राष्ट्रपति डोनाल्ड ट्रम्प बन्नुभएको बताइएको छ।

उहाँ विरुद्धको महाभियोगको प्रस्ताव अमेरिकी संसद्को तल्लो सदन हाउस अफ रेप्रिजेन्टेटिभ्स्बाट पारित पनि भएको बताइएको छ। अघिल्लो हप्ताको बुधवार अमेरिकी संसद् भवनमा राष्ट्रपति ट्रम्पका समर्थकले आक्रमण गरेपछि उहाँका विरुद्ध अमेरिकाका डेमोक्रयाट सांसदले महाभियोग प्रस्ताव प्रस्तुत गरेका थिए।

उक्त महाभियोगको सार्वजनिक मतपरिणामअनुसार महाभियोग प्रस्तावको पक्षमा २३२ मत परेको बताइएको छ। महाभियोग पारित हुन २१७ मत आवश्यक थियो। यहाँको हाउस अफ रिप्रेजेन्टेटिभ्स्मा डेमोक्र्याट पार्टीका २२२ जना सदस्य रहेका छन्।

त्योभन्दा पनि बढी राष्ट्रपति ट्रम्पको रिपब्लिकन दलका पनि १० जना सांसदले महाभियोगको पक्षमा नै मतदान गरेको अमेरिकी सभामुख न्यान्सी पेलोसीले जानकारी दिनुभएको छ।

महाभियोगको प्रस्तावको विपक्षमा भने १९७ जना रिपब्लिकन सांसदले मत दिएका थिए। अमेरिकी हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले सन् २०१९ मा पनि उहाँ विरुद्ध महाभियोग पारित गरेको थियो।

त्यस समयमा भने उहाँको दल रिपब्लिकनका एकजना पनि सांसदले महाभियोगको पक्षमा मत दिएका थिएनन्।

अमेरिकी संसद्को तल्लो सदनले पारित गरेको सो महाभियोग प्रस्ताव अब यहाँको माथिल्लो सदन अर्थात् सिनेटबाट पनि पारित हुनुपर्नेछ। उक्त प्रस्ताव पारित हुनका लागि सिनेटको मतको दुई तिहाइ आवश्यक हुन्छ।

यस प्रयोजनका लागि सिनेटमा कम्तीमा पनि १७ जना रिपब्लिकन सिनेटर टूम्पको विपक्षमा अर्थात् महाभियोगको पक्षमा उभिनु पर्नेछ। तर यो सम्भावना भने निकै कम देखिन्छ।

# चीनमा ८१ जना कोरोनाका नयाँ संक्रमित भेटिए

शिजिआजुआङ, १ माघ (रासस/सिन्ह्वा)।

उत्तरी चीनको हुबे प्रान्तमा बुधबार थप ८१ जना कोरोना भाइरसका नयाँ सङ्क्रमित भेटिएका पछिल्लो समाचारमा जनाइएको छ। चीन भित्रै सङ्क्रमणको कारण ८१ वटा नयाँ घटना बाहिर आएको बिहीबार जानकारी दिइएको हो। चीनको नेशनल हेल्थ कमिसनले बिहीबार दिएको जानकारीअनुसार चीनमा बुधबार ८१ जना नयाँ सङ्क्रमित भेटिएका र तीमध्ये ७५ जना प्रान्तीय राजधानी शिजिआजुआङ नागरिक रहेका छन्।

बुधबार अपराह्न कोरोनाबाट एक महिलाको मृत्यु भएको बताइएको छ। यद्यपी ती महिलालाई यसअघि नै स्वास्थ्यमा समस्या रहेको जनाइएको छ। चीनले कोरोनाबाट निको भएका नागरिकको पुन:स्वास्थ्य जाँच सुरु गरेको छ। कोरोना पुन:हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले यस्तो कदम सुरु गरेको जनाएको छ।

चीनले निको भएका बिरामीमाथि पनि नजर राख्न र पुन:स्वास्थ्य परीक्षण गर्ने काम केही महिना यतादेखि नै थालेको हो। चीनको हुबे प्रान्तमा मङ्गलबार पनि ११५ जना कोरोना भाइरसका नयाँ सङ्क्रमित भेटिएका थिए।

# भारतमा कोरोना भाइरस संक्रमितको संख्या एक करोड पाँच लाखभन्दा बढी

नयाँदिल्ली, १ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बिहीबारसम्म एक करोड पाँच लाखभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १६ हजार ९४६ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड पाँच लाख १२ हजार ९३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण १९८ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ५१ हजार ७२७ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड एक लाख ४६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख १३ हजार ६०३ सक्रिय सङ्क्रमित रहेका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा बुधबार ३५७ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र ११ जनाको मृत्यु भएको छ। भारतीय सरकारले देशका विभिन्न भागमा कोभिड(१९ परीक्षणलाई तीव्रता दिँदै आएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबारसम्म देशभर १८ करोड ४२ लाख ३२ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छमस्। हिजो बुधबार मात्र एकै दिनमा आठ लाख ४३ हजार १९१ जनाको कोभिड(१९ परीक्षण गरेको छ।

# माघे संक्रान्तिमा साधुसन्तलाई मिष्ठान भोजन एवं न्यानो कपडा बितरण



**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

माघे संक्रान्तिका अवसरमा बिहीबार राजविराजमा बिरामीलाई फलफुल तथा साधुसन्तहरुलाई मिष्ठान भोजन र न्यानो कपडा बितरण गरिएको छ ।

नेपाल अग्रवाल सभा राजविराजले बिरामीहरुलाई फलफुल तथा असहाय, अपाङ, बृद्धबृद्धा, साधुसन्त लगायतलाई मिष्ठान भोजन, न्यानो कपडा र मास्क बितरण गरेर माघे संक्रान्ति पर्व मनाएका छन् ।

अग्रवाल सभामा आवद्ध पदाधिकारी तथा यूवाहरुले करिब ५ सय जना असहायलाई मिष्ठान भोजनसहित न्यानो कपडा र मास्क बितरण गरेका हुन् ।

असहायलाई मिष्ठान भोजन गराएर न्यानो लुगा, मास्क र दक्षिणा समेत बितरण गरिएको नेपाल अग्रवाल सभाका अध्यक्ष मनोज कुमार अग्रवालले बताए ।

यसअघि सभाकै अगुवाईमा स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालका बिरामीहरुलाई फलफुल तथा न्यानो लुगा समेत बितरण गरिएको छ । बितरण कार्यक्रममा सभाका निवर्तमान अध्यक्ष धनश्याम बजाज, कोषाध्यक्ष सुरेश अग्रवाल, लालु अग्रवाल, सुरेश रुङटा लगायत सहभागि थिए ।

# देउवा चढेको हेलिकप्टर आकस्मिक अवतरण

गोरखा, १ माघ (रासस) ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा चढेको हेलिकप्टर बिहीबार यहाँ आकस्मिक अवतरण गरिएको छ ।

काठमाडौँबाट पर्वतका लागि उडेको हेलिकप्टर मौसम खराबीका कारण पालुङटार नगरपालिका-२ आँपपीपलमा आकस्मिक अवतरण भएको हो । 'कैलाश एयरको हेलिकप्टर मध्याह्न करीब १२:४५ बजे आँपपीपलमा फोर्स ल्याण्डिङ गरिएको हो", जिल्ला प्रहरी कार्यालयका प्रमुख सुरेन्द्रबहादुर गुरुङले भन्नुभयो," कांग्रेसका सभापति देउवा पर्वततर्फ जान लाग्नुभएको रहेछ ।"

आकस्मिक अवतरण गरिएको हेलिकप्टर करीब ३५ मिनेट आँपपीपलमै रोकिएको प्रहरी उपरीक्षक गुरुङले बताउनुभयो । मौसममा सुधार आएलगत्तै हेलिकप्टर १:२० बजे गोरखाबाट फेरि पर्वततर्फ उडेको प्रहरी उपरीक्षक गुरुङले बताउनुभयो ।

### चिसोले ...

प्रत्यक्ष असर पारेको कृषक सत्यनारायण यादवले बताए ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ निवासी यादवले केही दिनयता निरन्तरको सितलहरले खेतमा लगाइएको आलु, टमाटर, प्याज, लहसुन र गहुँ खेतीलाई क्षति पुऱ्याएका बताए ।

# श्रोत नखुलेको नौं लाख बढी रकमसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, १ माघ ।**

नौ लाखभन्दा बढी श्रोत नखुलेको रकमसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

सिरहाको बरियारपट्टी गाउँपालिका १ कचनारीबाट उनीहरुलाई पक्राउ गरिएको हो ।

पक्राउपर्नेमा बरियारपट्टि गाउँपालिका २ खोक्सी निवासी ४० वर्षीय मोहमद सगीर मियाँ र २४ वर्षीय मेहदी मन्सुर रहेको प्रहरीले जनाएको छ ।

भारतबाट नेपालतर्फ आउँदै गरेको स८प ९६१४ नंको मोटरसाइकल रोकेर जाँच गर्ने क्रममा स्रोत नखुलेको नेपाली रु नौ लाख ३९ हजार ९१५ नगदसहित दुवै जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय महेशपुरपतारीमा राखी थप अनुसन्धान भइरहेको जनाइएको छ ।




# स्वास्थ्य अधिकार सम्बन्धमा सरोकारवालाबिच अन्तरक्रिया



**दैनिक समाचारदाता**
**राजविराज, १ माघ ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा स्वास्थ्य अधिकार सम्बन्धमा सरोकारवालाबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सो अन्तरक्रियामा राजविराज स्वास्थ्य शाखा प्रमुख निरञ्जन यादवले इन्सेकले सञ्चालन गरेको कार्यक्रमले जिम्मेवार निकायलाई जवाफदेही बनाउनुको साथै जिम्मेवारी बोध गराएको बताएका छन् ।

कोभिड-१९ महामारीको नियन्त्रणमा खटेका स्वास्थ्यकर्मीहरूले जोखिम भत्ता नपाएको, खोप केन्द्रका लागि आएको बजेट सदुपयोग हुन नसकेको, आमा समूहलाई चियाको व्यवस्था समेत गर्न नसकिएको उनले गुनासो समेत गरे । उनले स्वास्थ्य सम्बन्धी योजना, नीति, कार्यक्रमको सदुपयोगबारे निगरानी राख्न आग्रह पनि गरे ।

स्वास्थ्य शाखाका सि.अहेव शिवनारायण चौधरीले कोभिडको बेला राम्रो भनेर काम गरेपनि कमजोरीहरू औल्याएर थप जिम्मेबार बन्न कार्यक्रमले मद्दत पुऱ्याएको बताए ।

इन्सेकका सदस्य बैद्यनाथ झाले निगरानी समूहको नेतृत्वमा दवाव सृजना गर्न समूहलाई र अन्तरक्रिया कार्यक्रममा उठेका समस्याहरू समयमै समाधान गरी स्वास्थ्य क्षेत्रलाई नमुनाको रूपमा सञ्चालन गर्न नगरपालिकालाई आग्रह गरेका छन् ।

इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलले सेवाप्रदायक निकायहरूलाई खबरदारी गर्ने तथा सरकारले उपलब्ध गराएको स्वास्थ्य सेवाका बारे स्थानीय समुदायलाई जानकारी दिई सचेत पार्ने काम इन्सेकले गर्दै आएको बताए ।

यूएनडब्लुएफपीका राकेशकुमार यादवले स्वास्थ्य विमाको प्रचारप्रसार नभएको, स्वास्थ्य स्वयमसेविका, आमा समूहको परिचालन हुन नसकेको, स्वस्थ्य क्षेत्र अव्यवस्थित रहेकोले जिम्मेवार निकायलाई नैतिक, मानसिक, सामाजिक दवाव दिन जरुरी रहेको बताउनु भयो ।

अन्तरक्रियामा सहभागीहरूले राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दरबन्दीअनुसार चिकित्सक-कर्मचारी नरहेको, भएका चिकित्सक पनि निर्धारित समयसम्म नबसेर क्लिनिकमुखी भएको, उपचार गर्न झण्झट मानेर रेफर गर्ने गरेको, शहरी स्वास्थ्य केन्द्र र खोप केन्द्र व्यवस्थित हुन नसकेको, विद्यालयमा नियुक्त स्टाफ नर्सले कुनै काम नपाएको जस्ता समस्या राखेका थिए ।

कार्यक्रमका अध्यक्ष मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुवर साहले समस्या पहिचान गर्दै घच्घचाउने काम भइरहेकोमा अब छिट्टै समस्याहरू सुत्रबद्ध गरेर ज्ञापनपत्र बुझाउने तयारी गर्न लागिएको बताए ।

### मतदाता नामावली ...

शुद्ध र त्रुटिरहित बनाउन एवं मतदाताको हितलाई ध्यान दिई सुरक्षित, पहुँचयोग्य, विवादरहित र पायक पर्ने स्थानमा मतदानस्थल निर्धारण गर्नुपर्ने बताउनुभयो । सबै नागरिकको सहजताका लागि स्थानीय तहमा मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्न लागिएकाले सम्पूर्ण नागरिकलाई उक्त अवसरको सदुपयोग गर्न आयोगले अनुरोध गरेको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*